# मिक्लाजुङ गाउँकार्यपालिका कार्यालय, मोरङको कर्मचारी करार सेवामा लिने सम्बन्धी सूचना ।

यस गाउँ कार्यपालिका कार्यालयको लागि निम्न पदहरु करारमा लिनु पर्ने भएकोले तपसिल बमोजिम योग्यता पुरा भएका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको ७ (सात) दिन भित्र यस कार्यालयमा आवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल :**

**(क) सिभिल इन्जिनियर -१ (एक)**

**योग्यता :**

१. मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा बी.ई. वा सो सरह उतिर्ण गरेको एक वर्ष पुरा भई नेपाल इन्जिनियरिङ एसोसियसनमा दर्ता भएको ।

२. २१ बर्ष पुरा भई ३५ वर्ष ननाघेको, महिलाको हकमा ४० वर्ष ननाघेको ।

३. नेपाल सरकार अन्तर्गतको कुनैपनि कार्यालयमा सिभिल इन्जिनियरको पदमा कार्य सम्पादन गरी अनुभव हाँसिल गरेको ।

४. भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी कसुरदार नठहरिएको । कुनै कानुनले अयोग्य नभएको ।

५. कम्प्यूटर सम्बन्धी राम्रो ज्ञान भएको ( अफिस प्रोग्राम, नेपाली अंग्रेजी राम्रो संग टाइप गर्न सक्ने लगायत ) तथा CAD सम्बन्धी राम्रो जानकारी भएको ।

६. आवेदन दस्तुर रु. १,५००। लाग्नेछ । तलब सुविधा प्रचलित नियमानुसार हुनेछ ।

**(ख) असिस्टेन्ट सब-इन्जिनियर (सभिल) - १ (एक)**

**योग्यता :**

१. लोक सोवा आयोगबाट निर्धारित शैक्षिक योग्यता हाँसिल गरेको हुनुपर्नेछ ।

२. १८ बर्ष पुरा भई ३५ वर्ष ननाघेको, महिलाको हकमा ४० वर्ष ननाघेको ।

३. माथि सिभिल इन्जिनियर पदको लागि तोकिएको योग्यताको सि.नं. ४ र ५ बमोजिमको योग्यता यस पदको लागि पनि आवश्यक हुनेछ ।

४. आवेदन दस्तुर रु. ५००। लाग्नेछ ।

**अन्य :**

१. छनौटका आधारहरु कार्यालयले तोके बमोजिम हुनेछन् ।

२. आवेदकले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, शैक्षिक योग्यता सम्बन्धी प्रमाण तथा अनुभव सम्बन्धी कागजातको प्रतिलिपी संलग्न राखी कार्यालयले उपलब्ध गराएको आवेदन फाराममा दरखास्त पेश गर्नुपर्नेछ ।

३. अन्य कुराहरु बुझ्नु परेमा कार्यालय समयमा फोन नं. ०२१ ४००००१ मा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत